# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री माधवलाल तवदार जेनेभामा हुने अन्तर्राष्ट्रिय श्रम संगठनको ७३ औं महाधिवेशनमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४४।२।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री सन्तबहादुर राई कर्णाली भेरी एकीकृत ग्रामीण विकास परियोजना समेतका सम्बन्धमा छलफल गर्न क्यानाडा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियन ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री भक्तबहादुर कोइरालालाई मिति २०४४।२।२२ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

299